# यसरी सम्भव छ कर्णालीको समृद्धि



माननीय जीवन बहादुर शाही [*]

कर्णाली, राप्ती र भेरी अञ्चलका १० वटा जिल्लाहरू समेटी निर्माण भएको नेपालको कान्छो प्रदेश कर्णाली प्रदेश कूल २४ हजार ४ सय ५३ वर्गमिटर क्षेत्रफलमा फैलिएको छ । प्राकृतिक, भौगोलिक, सामाजिक, साँस्कृतिक एवम् जैविक विविधताले भरिपूर्ण यस प्रदेशलाई अत्यन्तै पिछडिएको प्रदेशका रूपमा चिनाउनु पर्ने बाध्यता हामीमा रहेको छ ।

पछिल्लो तथ्याङ्कअनुसार मानव विकास सूचकाङ्क ०.४११ रहेको कर्णाली प्रदेशमा बहुआयामिक गरिबी दर झण्डै ५२ प्रतिशत छ भने गरिबी दर ४० प्रतिशतको हाराहारी छ । त्यस्तै, प्रति व्यक्ति आय ६६८ डलर,औषत आयु सरदर ६६ प्रतिशत, खाद्य जोखिम जनसंख्याको हिस्सा झण्डै २८ प्रतिशत र उच्च खाद्य जोखिममा परेकाको हिस्सा ७ प्रतिशत रहेकोछ । कर्णाली प्रदेशले कुल ग्राहस्थ उत्पादन जम्मा ४.१ प्रतिशत हिस्सा ओगटेको छ भने कृषि उत्पादनको अंश ६ प्रतिशत, उद्योग ३.३ प्रतिशत र सेवा क्षेत्रको हिस्सा जम्मा ३ प्रतिशत रहेकोछ । कर्णाली प्रदेशमा आर्थिक रूपले सक्रिय जनसंख्याको हिस्सा ४२ प्रतिशत छ । प्रदेशभरी जलविद्दुत उत्पादन जम्मा ४ मेगाबाट, सिंचित जग्गाको क्षेत्रफल १३.५ प्रतिशत छ र सुरक्षित खानेपानी प्रयोग गर्नेको पहुँच ७७ प्रतिशत मात्र रहेको छ । त्यस्तै, ३६६१ कि.मि. सडक संजाल विस्तार भएको छ भने कालोपत्रे सडकको विस्तार जम्मा ४९० कि.मि.छ । स्वास्थ्य अवस्थाको कुरा गर्दा ३० मिनेट भित्र स्वास्थ्य संस्थामा पहुँच पुग्नेको हिस्सा २४ प्रतिशत छ भने किशोरावस्थामा गर्भाधारण गर्नेको संख्या अझै १९ प्रतिशत रहेको छ । दक्ष स्वास्थ्यकर्मिबाट प्रसुति गराउने संख्या ५५.७ प्रतिशत रहेकोछ ।शिक्षाको सन्धर्वमा प्रदेशका ४ वटा जिल्लाहरू साक्षर जिल्लाको रूपमा घोषणा भए पनि प्रदेशको साक्षरता दर ५३ प्रतिशत मात्र रहेकोछ भने विद्यार्थी भर्ना दर समग्रमा ८० प्रतिशत मात्र र विद्यार्थी अनुत्तीर्ण दर १२ प्रतिशतको हाराहारीमा छ । यो कर्णालीको वहुआयामिक अवस्थाको वर्तमान चित्रण हो। यो प्रदेश गरिवी दरको सूचकमा मात्र अन्य प्रदेश भन्दा धनी हुनु र अन्य सूचकहरूमा गरिव हुनुले हाम्रो वास्तविक अवस्था के हो भन्ने स्पष्ट पार्दछ । अत, कर्णालीको समृद्धि तथा विकासका लागि माथि उल्लेखित प्रतिनिधिमूलक चूनौतीहरूलाई सम्बोधन हुने गरि सुहाउदो नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्नु पर्ने चुनौति हामी माझ भएकाले सरकार एवम् सरोकारपक्षहरूको साझा बुझाई हुनु

---

[*] सदस्य, कर्णाली प्रदेश सभा

जरूरी छ । विगतमा राज्य सत्ताले साविक कर्णाली क्षेत्रलाई उपेक्षित गरेकै कारण यस प्रदेशको वर्तमान अवस्था अन्य प्रदेश भन्दा अत्यन्तै कमजोर भएकोहो । अतः **साबिक कर्णाली क्षेत्रको वर्तमान अवस्थामा सुधार नल्याइ कर्णाली प्रदेशको समग्र परिवर्तन गर्न सकिन्छ** भनि हौसिनु मुर्खता हुन जान्छ।

कर्णाली समृद्धिका आधारहरू पस्किनु भन्दा पहिला विगतमा कर्णाली पछाडि किन पर्यो भनि चर्चा गर्नु सान्दर्भिक होला । कर्णालीको विकास नहुनुमा विकासका प्रचुर सम्भावना बोकेको प्राकृतिक स्रोतसाधनले भरिपूर्ण कर्णालीलाई कठिन भाौगोलिक विकटताछ भनि दुर्गमताको पगरी गुथाउँदै यथास्थिति कायम गराउन खोज्ने मुलुकका विज्ञहरूको मनोगत विश्लेषणलाई म सहर्ष स्वीकार गर्न सक्तिन । भौगोलिकताले मात्र काठमाण्डौंदेखि कर्णाली दुर भएको नभई सिंहदरबारको केन्द्रिकृत मानसिकता एवम् संकिर्ण सोचमा दोस्रो दर्जा रहेको कारण कर्णाली प्रदेश पछाडि परेको हो । कर्णाली क्षेत्रको विकासको अवरोधका रूपमा पुस्तान्तरण हुँदै आएको सोंच र सडक सञ्जालमा जोडिन नसक्नु मूख्य चुनौति हो । त्यसैले, वास्तविक कर्णाली क्षेत्रको विकास नहुनुमा स्रोत र साधनको अभाव केही हद सम्म हो कि भनि वहसका लागि स्वीकार गर्न सकिएला तर स्रोतको अभाव नै मूख्य कारण भनि स्वीकार्न सकिन्न । मुलुकका योजनाकार एवम् विकास विज्ञहरूको अदूरदर्शी परिकल्पना, अकर्मण्यता र यथास्थितवादी सोच यसको मूल कारण हो । किनकि विगतमा कर्णाली क्षेत्रको विकासको खाका तयार गर्दा सिंहदरवारमा वसि तराइ एवम् कुनै सुगम जिल्लाको योजनालाई नक्कल गरि वा सुगम जिल्लालाई परिकल्पना गरि स्रोतको वितरणमा समेत समानता ल्याइदै आउने अभ्यास प्रचलनमा ल्याइयो । हिमाली क्षेत्रमा गैडा प्रवर्धन कार्यक्रम र तराइमा चौरी गाई प्रवर्धन जस्ता कार्यक्रमलाई प्रशय दिने काम भयो, तराइमा सफल साबित भएका प्राविधिक डिजाइन हिमाली क्षेत्रले समेत नक्कल गर्नु पर्ने बाध्यातात्मक व्यवस्था गरियो, फलस्वरूप स्रोत तथा बजेट खर्च त भयो तर वास्तविक उपलव्धीहरू प्राप्ति हुन सकेनन् । भूगोल सुहाउँदा योजना सञ्चालनमा नल्याइएका कारण विकासका लागि योजना माग्ने भन्दा पनि पैसाका लागि विकास माग्ने प्रवृत्ति हावी हुँदै गयो । उल्लेख्य बजेट विनियोजन हुँदा समेत कर्णालीका बासिन्दाको आधारभूत आवश्यकता पनि सम्बोधन हुन सकेनन् । राज्यले कर्णाली क्षेत्रको विकासका लागि सौतेनी व्यवहार गर्दै आयो । राहत वितरण एवम् कल्याणकारी विकास अवधारणालाई मात्र प्रशय दिदै आयो । एक छाक भोको रहेछ एक रोटी दिनु पर्छ भन्ने दयामुखि परम्परागत सोचमा सरकार चल्दै आयो । कर्णालीको विकासका लागि वैकल्पिक अवधारणा लागू गर्ने विषयमा समय खर्च गर्न कञ्जुस्याँइ गर्यो । राज्यबाट कहिल्यै पनि न्यायोचित वितरण हुन सकेन । भौगोलिक विकटता छ, लगानी गरेर केही फाइदा छैन, लगानीको प्रतिफल प्राप्तिमा ध्यान दिई राज्य पनि व्यवसायीक भयो र जनतामाथि ठूलो अन्याय गर्दै गयो । कर्णालीको विकासलाई राज्यले कहिल्यै पनि आफ्नो दायित्व ठानेन । कर्णालीले विगतमा पुर्‍याएको नून, उन र सूनको गूनलाई विर्सि राज्यपक्षले अवगुणलाई मात्र सम्झने काम भयो । यहि भिन्न व्यवहारका कारण यस क्षेत्रका जनताहरूमा सन्तुष्टि मिल्न सकेन र कर्णाली क्षेत्र सिंहदरबारका लागि सधै विकट र दुर्गम साथै निरिह र विचरा कर्णाली भयो ।

दशकौ देखि कर्णालीलाई मात्र सहानुभूति देखाउने नाममा बाहिरी संसारसँग निर्भरता पर्नेगरी नेपालगञ्ज र कर्णालीबाट नजिक पर्ने सहरहरूबाट हवाइजहाजद्वारा चामल उडाएर कर्णालीका जनतालाई परनिर्भरताको चरम परकाष्टमा पुर्याइयो । स्थानीय उत्पादन चिनोको अर्गानिक खाना(भात) खाने यहाँका रैथानेलाई "चा" हटाएर "मल" मात्र बाँकी रहेको चामलको भाते बानी बसालियो । यसरी ३० बर्ष सम्म अनुदान दिइ बाह्य शहरबाट चामल ढुवानी गरेर कर्णालीबासीलाई दाना छरे जस्तो गर्नु भन्दा उक्त रकम यस क्षेत्रको पुर्वाधार विकास जस्तैः सडक निर्माण, सिंचाइ, विधुतिकरण, आधुनिक कृषि खेती, पशुपालन, पर्यटन, जडिबुटी आदिमा लगानी गरि दिएका भए सायद आजसम्म कर्णाली विचरा कर्णालीको उपनामले परिचित हुँदैन थियो भने यस क्षेत्रमा उत्पादित अर्गानिक खाध्य वस्तुले सायद देशै भरि बजार हिस्सा ओगट्न सक्थ्यो अर्थात सम्पूर्ण नेपाललाई पाल्न सक्ने सामर्थ्य राख्थ्यो होला ।

वास्तवमै भन्ने हो भने परापूर्वकाल देखि हामी कर्णालीबासीहरूको प्रमुख आय स्रोतको रूपमा पशुपालन थियो । तिब्बत र नेपालका मध्य पहाडी उपत्यकाहरूसँगको परम्परागत व्यापार(वस्तुविनिमय पद्दति)बाट आफ्नो जीविकोपार्जन एवम् जीवन निर्वाह हुँदै आएकोमा सामुदायिक वनको अवधारणा पछि चरन समस्या सृजना भयो, फलस्वरूप यहाँको पशुपालन व्यवसाय प्रर्वधनमा न्यूनता आउन पुग्यो । परम्परागतरूपमा अभ्यासमा आएको वस्तु विनिमय अर्थात तिब्बतबाट नून र उनको व्यापार र तराइपहाडबाट अनाजको व्यापार गर्ने प्रचलन बन्द हुन गयो । राज्यले पशुपालन व्यवसायको निरन्तरताका लागि समधान खोज्ने तर्फ कहिल्यै सोचेन । त्यस पछि कर्णालीबासीको जीवन निर्वाहमा ठूलो बाधा पुग्न गयो । शसस्त्र द्धन्दले पनि कर्णालीवासीलाई आलो घाउमा थप नुन छर्किने काम गर्यो,उनीहरूको व्यवसाय र रहनसहनलाई थप असहज बनाइ दियो ।

कर्णालीभन्दा धेरै टाढा काठमाण्डौमा बसेर कर्णालीको विकासे योजनाको रेखाङ्कन गर्ने योजनाकार, राजनितिज्ञहरूबाट पनि कर्णालीको  सुक्ष्म बुझाई गर्ने, यहाँको समस्याबारे गहिरिएर ध्यान दिने या बुझ्ने चाहना नै राखिएन । हुँदाहुँदा नीतिनिर्माताहरूले निर्माण गरेको नीतिलाई कुशल रूपमा कार्यान्वयन गर्ने मूल जिम्मेवारी पाएका राष्ट्रसेवक कर्मचारीहरूबाट पनि कर्णालीवासी ठगिन बाध्य भए। कर्णालीमा खटाइदै गर्दा उनीहरूले आफु दण्डित भएको महशुस गर्ने गरे । कार्य क्षेत्रमा जिम्मेवारी पूरा गर्ने भन्दा सुगम स्थानमा कसरी सरूवा गर्न सकिन्छ भन्नेमा कर्मचारीहरूको ध्यान बढी जान पुग्यो । दिनगन्तीमै कर्मचारीहरूको दैनिकी पुरा हुन गयो । अनीहरूका लागि कर्णाली क्षेत्र व्यक्तिगत स्तरबृद्धि (बढुवाको अंक प्राप्ती)का लागि मात्र पहिलो रोजाइमा हुन पुग्यो । विज्ञ एवम् शिक्षित कर्मचारीको दिमागमा समेत कर्णाली विकट अर्थात नकरात्मकताले भरियो । फलस्वरूप यहाँको विकासले चाहिने जति गति लिन सकेन। अर्कोतिर विदेशी दातृनिकायले पनि कठ्याङग्रिदा हिँउद, अव्यवस्थित हवाइ उडान र सबै चिजको अभाव नै अभाव देखेपछि आफ्नो सोच तथा विचारमा परिवर्तन गरि हाल्ने प्रवृत्ति बढि पाइयो । परियोजनाका लागि ढुवानी खर्च बढि हुने देखेपछि कोहि पनि दातृ निकायहरू यहाँको विकासे गतिविधीका लागि सहमत हुन सकेनन् । खनिज लगायतको सम्भावना भएको कर्णाली क्षेत्र अन्वेषणकर्ताका लागि पनि महत्त्वमा परेन । यसरी सबै पक्षबाट बेवास्ता एवम् उपेक्षित भएपछि कर्णाली विकासका सबै सूचकहरूमा गरिबमाथि गरिब बन्दै गयो ।

यस अर्थमा, कर्णाली गरिब बन्नुमा वा पछाडि पर्नुमा राज्य पक्षको हेपाहा प्रवृत्ति र कर्णाली प्रतिकुल नीति मूख्य जिम्मेवार बन्न पुगे ।

कर्णालीमा विकासका अवसरहरू जस्तै प्राकृतिक स्रोत र साधन एवम् कच्चा पदार्थहरू यस क्षेत्रमा नभएर होइन, तर यीनिहरूको समुचित उपयोगमा ध्यान दिन नसकेर हो किन कि नेपालभरीमा कर्णाली अति नै मूल्यवान औषधीजन्य जडिवुटि, हिमालयन काठ, अर्गानिक खाध्य वस्तु, जलविधुत, जैविक विविधताको भण्डार हो । त्यसकारण पनि हामीलाई चीनको सीमा र भारतको सीमासँग जोडिने पक्कि सडक छिटो चाहिएको छ, जसले गर्दा यस प्रदेशमा उत्पादित अर्गानिक वस्तुहरूले बजार पाँउनेछन् । गरिबीको रेखामुनि रहेका दलित, खस, आर्य, आदिवासी र जनजातीहरू कामको खोजिमा मौसमी बसाइसराइ गर्न बाध्य हुनु पर्ने छैन । स्थानीय स्तरमा रहेका जनशक्तिहरूको पलाएन हुने छैन, स्थानीय स्तरमा उद्दमसिलताको प्रवर्धन भई स्वःरोजगारी सृजना हुनेछ, जिल्लामा बाह्य रेमिट्यान्स भित्रिनेछ भने खाध्यान्न आयातमा जिल्लाबाहिर जाने रकममा नियन्त्रण भई जिल्लाको आयस्तरमा सुधार आउनेछ । विगतमा सिंहदरवारमा बस्ने सम्भ्रान्त राजनीतिज्ञबाट बहिष्कृत गरिएको र विकासे साझेदारबाट उपेक्षा गरिएको तथ्यलाई कर्णालीका जनताहरूले बिर्सेका छैनन्। कर्णालीका बासिन्दाले अब बाहिरका मानिसलाई विश्वास गरी बस्नु पर्ने अवस्था छैन । खाली, विगतमा परनिरर्भर बनाइएका जनताहरूमा आफ्नो विकास आफैले गर्नु पर्छ भन्ने भावनाको विकास गर्नु जरूरी छ । कर्णालीवासीको आवश्यकता भनेको त माछा नभइ माछा मार्ने सीप तथा साधन चाहिएको हो, नून नभई आयोडिन हो, चामल नभई सिंचाइ हो, स्थानीय उत्पादन र जडिवुटीको बजारीकरण तथा प्रवर्धन हो । सरकार र दाताको प्रस्तावभन्दा पनि जनताको आवश्यकताअनुसार अधिकारमूखी विकास पद्दति हो ।

विगतमा राज्यले बनाएको बाध्यात्मक परनिर्भरताका कारण आफुलाई पुग्ने स्थानीय उत्पादनमा ह्रास भएको छ भने आत्म स्वाभिमान र गौरवता माथि आँच आएको छ। राज्यको राजनितिक र प्रशासनिक विभेदका कारण राणाकालदेखि गणतन्त्रात्मक कालसम्म आइ पुग्दा समेत कर्णालीलाई ओठे सहानुभुतिबाहेक केही प्राप्त हुन सकिरहेको छैन । विकासका गतिविधि एवम् योजनाहरूलाई सम्बन्धित स्थानीय क्षेत्र अनुकुल सञ्चालन गरिनु पर्नेमा काठमाण्डौमा बस्ने स्वघोषित महान विद्धान भन्नेहरूले सबै क्षेत्रलाई एकै टोकरीमा राखि समान खाले नीति तर्जुमा गरेका कारण पनि कर्णालीको विकासले कहिल्यै गति लिन सकेन । नेपालभरि त्यसमा पनि कर्णालीमा कहिल्यै पनि जनताको मागबमोजिम विकासका गतिविधीहरू सञ्चालन हुन सकेनन् । फलस्वरूप प्राकृतिक स्रोत र साधनले भरिपूर्ण हुँदाहुँदै पनि गरिवीको विल्ला भिरेर हिड्नु पर्ने अवस्थामा आयो । यस कारण पनि, **साबिकको कर्णाली क्षेत्रको विकास यस प्रदेशको समृद्धिको लागि पहिलो शर्त** हो ।

तर, अहिले परिवेश बदलिएको छ । कर्णालीको विकासका लागि मूख्य जिम्मेवारी कर्णाली प्रदेश सरकारको काँधमा आएकोछ। आज सम्म केन्द्रीय सरकारले हामीलाई विभेद गर्यो, हामीले जस्तो विकास गर्न पाएनौं भनेर आवाज निकाल्दै आयौं । अब यस प्रदेशको विकासका लागि केन्द्रलाई धारे हात लगाएर बस्ने परस्थिति छैन । अरूलाई आरोप लगाएर बस्ने सुविधा हामी कसैमा

छैन, किनकि, कर्णालीमा यहाँको वास्तविक भुगोल, समस्या तथा आवश्यकता र यहाँ रहेको प्रचुर अवसरहरूलाई राम्रोसँग पहिचान गर्न सक्ने आफ्नै सरकार छ । कर्णालीको समग्र रूपान्तरणका लागि अब पनि गफ गरेर, नारा मिलाएर, ताली पिटेर होइन द्रुत गतिमा कार्यान्वियन गर्ने बेला आएको छ । सरकार गठन भएको २ बर्ष वितिसकेको छ । अब पनि, सरकार कान नसुन्ने, आँखा नदेख्ने, विचारहिन र विवेकहिन हुनु हुन्न । कर्णाली प्रदेशमा भौगोलिक विविधता छ, अतः यो प्रदेशको विकासका लागि विगतमा केन्द्र सरकारले स्रोत वितरणमा लिएको समानता नीति अनुसार नभई भूगोल सुहाँउदो बजेट तथा स्रोतको बाँडफाँड एवम् न्यायोचित वितरण, यूग अनुकुल मागमा आधारित योजनाको कार्यान्वयनमा ध्यान दिनु जरूरी छ । हामी नयाँ भयौ, कमर्चारी नयाँ भए, कर्मचारी अभाव भयो, नीति, कानून बाधक भए भनि बहाना बनाउने छुट छैन । शासन सत्ता आफुले चलाई रहेको बेला पनि केन्द्र या अन्य पक्षलाई दोष दिएर पन्छिन खोज्यौ, जनताको वास्तविक आवश्यकता र प्राथमिकताबमोजिम योजनाहरू बनाउन सकेनौं भने हाम्रो प्रगति, समृद्धिको यात्रा अझै लम्बिने निश्चित छ । तर, दुःख लाग्दो पक्ष हामी सबैले आशा गरेको, प्रदेश समृद बनाउने जिम्मेवारी प्राप्त कर्णाली प्रदेश सरकार कताकता राति सपना नयाँ देख्छ तर दिउँसो कार्यान्वयनशैली अपनाउँदा पुरानै वितरणमूखी अबलम्वन गर्दछ । अझै पनि, प्रदेश सरकारका गतिविधी हेर्दा केन्द्रीय सरकारबाटै परिचालित हुन खोजेको हो कि भन्ने आभाष मिल्छ। प्रदेशको विकास गर्न उद्धत हुने हो भने सरकारसँग अझै पनि समय छ, यसर्थ शिरमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा इमान्दारीताको ठूलो खाँचो छ। प्रदेश सरकारले आजसम्म भएका कमि कमजोरीहरूलाई आत्मसात गरि अघि बढ्नु जरूरी छ । अन्यथा, अरूलाई औंला देखाएर प्रदेश सरकारको आफु पञ्छिने प्रवृत्ति तथा नियतमाथि जनताबाट ठाडो औंला उठ्नेछ । एक पाइला अघि दुई पाइला पछि सर्ने कर्णाली सरकारको यस्तो रबैयाले यहाँ विकासका गतिविधिहरू चलायमान हुनुको सट्टा अवरोध सृजना हुने निश्चित छ । यस्तै प्रवृत्ति रही रहने हो भने हामीले परिकल्पना गरेको समृद कर्णालीको सम्भव छैन । त्यसकारण कर्णाली सरकारले कर्णाली क्षेत्रमा विकास गर्ने मोडालिटिमा परिवर्तन गर्नु जरूरी छ । कर्णाली प्रदेशलाई विकसित र समृद बनाउन ६ वटा "ब" को अवधारणामा जानु जरूरी छ भन्ने मलाई लाग्छ।

## १. बाटो (Connectivity)

विकासको मार्गचित्र एवम् समृद्धिको मुल ढोका भनेको **बाटो** हो । विकासलाई चलायमान बनाँउन आधुनिक युग सुहाँउदो बाटो चाहिन्छ । सडकविना कर्णालीको विकासको परिकल्पनासमेत गर्न सकिदैन । हालसम्म यस क्षेत्रमा यूग सुहाउँदो सडक संजाल निर्माण गर्न नसक्दा विकासले गति लिन नसकेको हो । सडक पूर्वाधार अभावका कारणा सामाग्री ढूवानीको मूख्य माध्यम हवाइ ढूवानी हुन गयो भने वैकल्पिक माध्यमका रूपमा घोडा, खच्चड लाई प्रयोग गर्नु पर्यो । जसले गर्दा प्रत्येक सामाग्रिको लागत मूल्य पचासौ गूणा भन्दा बढी पुग्न गयो भने समयमा नै सम्बन्धित स्थलमा पुग्न सकेन र विकासको परिणाम पनि देखिन सकेन, त्यसरी नै स्थानीयस्तरमा उत्पादित अर्गानिक खाध्य वस्तु र बहुमुल्य जडिवुटीहरूलाई बजारसम्म लिन सक्ने अवस्था रहेन। कर्णालीका उत्पादन अर्गानिक

हुँदाहुँदै तथा बाह्य बजारमा अत्यधिक माग हुँदाहुँदै पनि महङ्गो भाडादरका कारण बजारसँग प्रतिस्पर्धा गर्न सकेनन् । जसले गर्दा कर्णाली आत्मनिर्भर बन्न सकेन र परनिर्भरतामा जीवनशैलि जिउन बाध्य भयो । सहज किसिमको सडक मार्ग ,हवाइ मार्ग, रज्जु मार्ग नहुँदा यहाँ रहेको अथाह प्राकृतिक स्रोतसाधनको उपयोग गर्न चुक्नु पर्यो भने त्यसरि नै गुणस्तरिय शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरूको सृजना एवम् व्यवस्थापन गर्न सकिएन । यी प्रतिनिधिमूलक तथ्यले प्रष्ट पार्दछ कि सडक सञ्जालको अभाव नै कर्णालीवासीलाई सुनको थालीमा भिख माग्नु पर्ने अवस्थाको सृजना भयो। त्यसैले पनि, कर्णालीको आमूल परिवर्तनको पहिलो शर्त भनेको नै सडक, सडक, सडक अनि सडक नै हो ।

## २. विद्युत (Electricity)

कर्णालीमा करिव २१ हजार मेघाबाट जलविद्युत उत्पादन हुन सक्ने क्षमता रहेकोछ तर, जम्मा जम्मी ४ मेघाबाट विधुत उत्पादनमा चित्त वुझाउन बाध्य छौं । दक्षिणतिर पानी बगेको बग्यै छ, हामी भने  जलस्रोतको अथाह सम्भावना बोकेको प्रदेश भनि अस्मिताको नारा लगाएर सन्तोष जनाइ रहेका छौं । लगानीमैत्री नीति तर्जुमा गरी संघीय सरकारसँगको समन्वयमा लगानीकर्ता खेजेर कम्तिमा दुइ, तीनवटा मात्र मेघा परियोजना बनाउने वित्तिकै आर्थिक उन्नतीको ढोका खोलिने निश्चित छ। विधुतिकरण सेवा विस्तार गर्ने वित्तिकै शिक्षा, स्वास्थ्यको स्तरोन्नती पनि सम्भव हुन आउँछ । कलकारखाना, उद्योगधन्दाहरू स्थापना हुन सुरू हुन्छन, पर्यटकहरूका लागि पुर्वाधार तयार हुन्छन, अनि लाखौं पर्यटकहरू भित्र्याएर विदेशी मुद्रा आर्जन गरि प्रदेशलाई उन्नत बनाउन सक्छौ, स्थानीयस्तरमा रहेको बेरोजगारी समस्याको स्थायी समधान गर्न सक्छौ ।आधुनिक शैक्षिक प्रविधिको प्रयोगले दक्ष मानवीय जनशक्तिहरूको उतपादन आफ्नै भूमिमा गर्न सक्छौ । बन सम्पदाको जगेर्ना गरी बहुमूल्य जडिबुटीका साथै वन्यजन्तुहरूको विकास गरि आम्दानीमा बृद्धि गर्न सक्छौ। त्यसैले यो प्रदेशले विधुत(बिजुली उत्पादन) विकासमा ठोस कदम चाल्नै पर्ने हुन्छ।

## ३. विचार ( ICT):

अहिलेको यूग भनेकाको सूचना प्रविधि एवम् सञ्चारको युग हो । स्मार्ट सिटीको अवधारणा र प्रयोगमा विश्व अगाडि लम्कीसकेको छ। नेट इन्टरनेटले गर्दा संसारलाई औंलाको टुप्पा माथि केन्द्रित बनाएको छ । सारा कुरा विधुतीय माधमबाट हुने कारणले कर्णालीको द्रुतर विकासको  लागि गाउँका प्रत्येक कुना कुनामा **Information Communication Technology** पुऱ्याउनु  अपरिहार्य भइसकेको छ । यसमा पनि पछि पर्यौं भने फेरि बेलैमा सडक निर्माण गर्न नसकि उन्नतिमा पछि परे जस्तै पछि पर्ने छौ । त्यसकारण **Digital** यूगमा टावर निर्माण गर्ने, नेट जोड्ने कुरामा त सेकेण्डभर पनि ढिला गर्नु हुन्न । यसले कर्णालीको विकासको ढोकालाई खोल्नेछ ।

## ४. वन सम्पदा (Forest)

जंगल, जडिवुटि, जल, जमिन र जनावरमा धनी छौं तर, यिनीहरूको सहि सदुपयोग गर्न चुकेका छौं। यस क्षेत्रमा प्रसस्त मात्रामा हुने मूल्यवान जडिबुटी संरक्षण, सम्बर्धन र सहि सदुपयोग गर्न सकेमा मात्र यहाँका जनताहरूको आर्थिक उन्नति हुने कुरामा कुनै दुइमत छैन । साथै, एग्रो

फरेष्टिमा जोड दिनै पर्ने छ । यहाँ उत्पादन हुने स्थानीय खाध्य वस्तु अर्थात अनाज जस्तै कोदो, फापर, कागुनो, नाफल, जौ, उवा, मार्सि धान **Medicinal Value** को छ । त्यस्तै नगदेवाली एवम् गैर काष्ठ, वन पैदावारमा सिमी, मास, गहत, उच्च हिमाली च्याउ, झ्याउ, स्याउ, दाँते ओखर, चुली, खामु, ढटेलो, डालेचुक, सिस्नो जसको महत्त्व नै औषधीजन्य छ । वनको उपयोग गरि हरियो बन नेपालको धन भन्ने हाम्रो नारालाई साकार गर्नु छ । बन तथा बन पैदावार यस प्रदेशको लागि आधाभन्दा बढि आयआर्जन गर्ने माध्यम बन्न सक्छ अतः बनलाई नै यस प्रदेशको धन बनाउनु पर्छ ।

**५. बजार ( Marketing)**

कर्णाली विकासका लागि अब रह्यो पाँचौ "**ब**" अर्थात यो भनेको **बजार** हो । बजारको असहजताले गर्दा आज यहाँ उत्पादित बहुमूल्य स्थानीय उत्पादनले मुल्य पाउन नसकी कौडिको भाउमा खेर गई रहेका छन् । यहाँका सबै उत्पादनहरूलाई बजार व्यवस्थापनको पनि उत्तिकै आवश्यकता रहेको छ। त्यो उत्पादनलाई आन्तरिक बजारले मात्र खपत गर्न सक्दैन त्यसको लागि उत्तरको चीन र दक्षिणको भारतमा पनि बजारीकरण गर्नु अत्यन्त जरूरी छ । **Value Chain** अवधारणालाई उपनाउँदै बजार विस्तारमा प्रदेश सरकार लाग्नु जरूरी छ । यसले गर्दा यहाँको आम्दानीका साथै विकासले पनि फड्को मार्ने कुरामा दुइमत छैन्।

**६. व्यवस्थापन ( Management) :**

कर्णाली प्रदेशको विकासका लागि मूख्य पक्ष **व्यवस्थापन**हो । हामी नेपालीहरूको मूख्य रोग वा कमजोरी भनेको व्यवस्थापन पक्षलाई **Ignore** गर्नु हो । त्यो रोगबाट कर्णाली प्रदेश अछुतो हुने कुरा नै भएन । सबै कुरा समयभित्र गर्ने कुरामा हाम्रो सङ्कल्प छैन। समयलाई जीवन र धन नसम्झदासम्म हामीले विकासको गति अगाडि बढाउन सक्तैनौ । आजसम्मको हाम्रो काम गर्ने परम्परालाई हेर्ने हो भने २ वर्षे योजना तर्जुमा गर्छौं तर त्यो काम २० वर्ष सम्ममा पनि पुरा गर्दैनौ। यस्तो किसिमको प्रवृत्ति एवम् व्यवस्थापनले उभोगति लाग्ने सम्भावना नै हुँदैन । **Time is Money, Time is Life** भन्ने मूलमन्त्रलाई आत्मसात गर्न सक्यौ भने मात्र हाम्रो विकासको गतिले फड्को मार्नेछ अनि कर्णालीवासी सुखी, खुसी र समृद्ध अवश्य हुनेछ । राज्यले हेर्ने दृष्टिकोणमा पनि परिवर्तन हुनेछ । हामीले विकास गर्ने मोडालिटीमा परिवर्तन गर्न सकेनौ र अर्को चुनाव जित्ने मनसायमा मात्र बजेट विनियोजन गर्न तर्फ उद्दत भयौ भने एउटा उखान छ "हिउँ आयो मस्तै, जस्ता थियौ उस्तै" हुने अवस्था नआउला भन्न सकिन्न। समयसापेक्ष र इमान्दार भई दत्तचित्त किसिमले हामी सबैले काम गर्यौं भने हाम्रो उन्नति टाढा छैन । हेपिएको कर्णाली होइन समृद्ध कर्णालीको सपना आठ, दश बर्षमै वास्तविकतामा परिणत गर्न सक्छौ । जय कर्णाली, जय नेपाल ।